# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८२/८३
चलानीनं.

मितिः२०८२/१२/१८
ने.सं.११४६

सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम २०८२ को प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम २०८२, संचालन गर्नको लागी विपन्न बहुविपन्न एकल महिला, परिवारको महिलाहरुको जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम संचालनको लागी नियमानुसार दर्ता भएका संस्था तथा सहकारीहरुले जीविकोपार्जन सुधार कार्यक्रमको लागी कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी स्थानिय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२ को अनुसुची - २ बमोजिमको ढाँचामा उक्त मापदण्डको दफा ११ बमोजिमको कागजात संलग्न गरी प्रस्तावना तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँचीमा प्रस्तावना पेश गर्नको लागी यो सूचना प्रकाशन गरिएको छ। रीत पूर्वक दर्ता नभएका र समय भित्र पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

**क्षेत्रहरु**

(क) कृषि,पशुपालन तथा उत्पादन मुलक क्षेत्रः सहकारी खेती, सामुहिक खेती,आधुनिक खेती, पशुपालन खेती, माछापालन, माहुरी पानलखेती, लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित उत्पादनमुलक व्यवसाय सम्बन्धी ।

(ख) पर्यटन तथा आतिथ्यता क्षेत्रः होमेस्टेक, ट्रेकिङ, टुर गाईड, स्थानीय श्रोत, साधन र संस्कृतिमा आधारित व्यवसाय सम्बन्धी कार्य ।

(ग) गैह्कृषि क्षेत्रः वनपैदावर, लोक्ता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन ढाका बुनाई, होजियारी, मिथिला आर्ट थान्काचित्र,पौवाचित्र बेकरी हस्क्षेप

सञ्चालन गर्ने कार्यक्रम

| कस | कार्यक्रम | लक्षित समुह | लक्ष्य | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | लक्षित महिलाहरुलाई सिप विकास तथा व्यवसायिक तालिम | - आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति, किसान, श्रमिक, - उत्पीडित वा पिछडिएको क्षेत्रका महिला तथा आर्थिक रूपले विपन्न खस आर्य महिलालाई सम्झनुपर्छ।<br>- कहिल्यै विद्यालय नगएका वा गएतापनि विद्यालय शिक्षा (SEE) परीक्षा उतीर्ण गर्न नसकेका शैक्षिक रूपमा वञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित श्रोतबाट वार्षिक गुजारा चलाउन नपुग्ने, आर्थिक रूपमा विपन्न वा बहुविपन्न परिवारका महिला सम्झनुपर्छ। | २५ जना | ५ दिन | |

बेलकुमारी परियार
सहायक महिला विकास अधिकृत

# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरु कागजातहरु:

- संस्था तथा सहकारीहरुको विधान, परिचय, उद्देश्य, कार्यक्रम संचालन प्रक्रिया, भैतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण
- प्रस्तावित व्यवसायको अवधारणापत्र व्यवसायको क्षेत्र तालिम अवधि स्रोत परिचालन सहितको योजनाको विवरण
- प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण
- कालो सूचिमा नपरेको र प्रचलित कानूनबमोजिम अयोग्य नरहेको स्वः घोषणापत्र
- प्रस्ताव दर्ता गर्दा संस्थाने विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता उल्लेख गरी सो को कार्यन्वयन कार्ययोजना सहित प्रस्ताव पेश गर्नुपर्नेछ
- प्रस्ताव स्थानिय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२, अनुसूचि-४ बमोजिम हुनुपर्नेछ ।
- कार्यक्रम संचालन स्थानिय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम गर्नुपर्नेछ

**नोटः** व्यवसाय सञ्चालन खर्च अनुदान प्रति १जनालाई २६०००।का दरले २५ जनालाई ६५००००।उपलब्ध गराईने छ ।

सम्पर्क नम्बरः ९८५७०८६२२०/९८४७१०९८८६

............
बेल कुमारी परियार
शाखा प्रमुख

बेलकुमारी परियार
सहायक महिला विकास अधिकृत